# जनकपुरधाम उप-महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
जनकपुरधाम,धनुषा
मधेस प्रदेश,नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं.:- ८८६२

फोन नं. ५२०५२०, २०१४६
फ्याक्स नं. ५२०५१०


**मिथिला चित्रकला प्रतियोगिता सम्बन्धी सूचना**

**सूचना प्रकाशन - मिति २०७८/११/१० गते**

जनकपुरधाम उपमहानगरपालिकाको आयोजनामा " **सामाजिक न्याय र लैङ्गिक समानता : दिगो विकासको सुनिश्चितता** " भन्ने राष्ट्रिय नाराका साथ **११२ औं अन्तर्राष्ट्रिय महिला दिवस ( मार्च ८** ) को अवसरमा मिति २०७८/११/२३ गतेमा **मिथिला चित्रकला (Mithila Painting) प्रतियोगिता** तपशिल बमोजिम सञ्चालन गर्न लागेको हुँदा उक्त प्रतियोगितामा सहभागी हुन यस उपमहानगरपालिकामा स्थायी बसोबास भएका इच्छुक महिलाहरुको लागि यो सूचना प्रकाशन गरिएको छ ।

११।१०

(प्रद्युम्न प्रसाद उपाध्याय)
प्रमुख प्रशासकीय अधिकृत

**तपशिल**

१. मिथिला चित्रकलाको शीर्षकहरु (तलको शीर्षकमध्ये १ मा मात्र गर्नसक्नेछ )–
- ✓ महिला हिंसा
- ✓ कोभिड-१९को समयमा महिलाको अवस्था
- ✓ बालविवाह
- ✓ लैङ्गिक हिंसा व्यवस्थापनमा एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC)को सम्प्रेषण प्रणाली
- ✓ महिला सशक्तिकरण
- ✓ लैङ्गिक समानतामा पुरुष संलग्नता

२. मिथिला चित्रकलाको क्षेत्रमा कम्तिमा २ बर्ष अनुभव भएको व्यक्तिले सहभागी हुन पाउनेछ ।

३. सम्बन्धित विषयका प्रशिक्षकले यस प्रतियोगितामा सहभागी हुनसक्ने छैन ।

४. इच्छुक महिला सहभागीहरुले यस कार्यालयको महिला तथा बालबालिका शाखामा मिति २०७८/११/२१ गतेसम्म आफनो पहिचान खुलाई(नाम,ठेगाना,अनुभवको समय, मिथिला चित्रकलाको शीर्षक,मोबाइल नं.) नागरीकताको प्रतिलिपि समेत लिई कार्यालयको समय भित्र नाम दर्ता गराउनुपर्नेछ ।

५. तोकेको मिति ,समयमा नाम दर्ता गराएको बाहेकलाई प्रतियोगितामा सहभागी गराउने छैन ।

६. प्रतियोगितामा प्रथम,द्बितीय र तृतीय स्थान हासिल गर्नेलाई २०७८/११/२४ गते (मार्च ८)अन्तर्राष्ट्रिय महिला दिवसको दिन उचित पुरस्कार प्रदान गरिनेछ ।